# नेपाली बिधार्थी समाज कोरिया

# SONSIKको ११ औ कार्यसमितिको

# प्रगति बिवरण



# सोनसिकको सस्थाकरण र विस्तार हाम्रो प्रयास

नेपाली बिधार्थी समाज कोरिया SONSIKको ११ औ कार्यसमितिको  पुर्वनिर्धारित कार्ययोजना हाम्रो देश नेपालमा गएको महाभूकम्पका कारण प्रभावित हुन् गइ आकस्मिक रुपमा हामीले यौटा जिम्मेवार संस्थाको नाताले परिमार्जित गरि थप ससक्त र प्रभावकारी ढंगले  आफ्नो उपस्थिति जनाउनुपर्ने अवस्थाको सिर्जना हुन पुग्यो!

परिमार्जित र प्रतिकुल अवस्थामा सोनसिकको यो सहज अवतरण सोनसिक अग्रज, सदश्य र सुभचिन्तकहरुको सहयोग र सद्भावको उपज हो र हामी आजको यो यात्रा उहाँहरुमानै समर्पित गर्न चाहनछौ! हामीले बर्ष २०१४-२०१५ मा केवल निरन्तरताका लागि कार्यक्रम भन्दा पनि आवस्यकता र यथार्थतालाई प्राथमिकतामा राखेर कार्यक्रमहरु संचालन गरेका छौ!

नेपाली बिधार्थी समाज कोरिया SONSIKले बर्ष २०१४-२०१५ मा संचालन गरेका कार्यक्रम बिशेषत ११औ अधिबेशनका क्रममा ब्यक्त गरिएका प्रतिबद्धताहरुलाई आत्मासाथ गर्दै संचालन गरेको थियो! बिधार्थी हुनुका आफ्नै सिमितताका बाबजुद हामीले हाम्रो कार्यसम्पादनको एक बर्ष २०१४-२०१५ गरेका काम तथा कारबाही सोनसिकको इतिहासमा महत्वपूर्ण खुट्किलो बन्न पुगेको हामीले विश्वास लिएका छौ!

हाम्रो कार्यकालमा भएका मध्य हामीले ठानेको महत्वपूर्ण कार्यलाई निम्न बमोजिम सुचिकृत गरेका छौ:

1. **सोनसिकको दर्ता: तथा सस्थाकिरण,**

१. **सोनसिकको दर्ता:** दक्षिण कोरियामा नेपाली विधार्थीहरुको साझा संस्थाका रुपमा रहेको सोसाइटी अफ नेप्लीज स्टुडेन्ट इन कोरिया (SONSIK)लाई कोरियाको प्रचलित कानुनी अन्तर्गत दर्तागर्न हामी यो बर्ष सफल भएका छौ। सन २००४ मा स्थापित हाम्रो समाजलाई कोरियाको स्थानिय प्रशासन कार्यालय (सेमुस) ले जुन १२ मा दर्ता प्रमाण पत्र प्रदान गरेको छ । दर्तासंगै कोरियामा रहेर SONSIKले विभिन्न कार्यहरु गर्न थप सहज हुने विश्वास हामीले लिएका छौ।

२.

३. **नेपाली राजदुतवास बाट सम्बन्धन प्राप्त:** नेपाली राजदुतवास सौलले यस वर्ष SONSIK लाई दक्षिण कोरियामा रहेका नेपाली बिधार्थीहरुको साझा संस्थाका रुपमा स्वीकार्दै नेपाली बिधार्थी समाज कोरिया सोनसिकलाइ सम्बन्धन प्रदान गरेको छ!

४. **सोनसिकको बैंक खाता संचालन तथा आर्थिक ब्यवास्थिकरण:** SONSIKको बैधानिकता प्राप्ति संगै हामीले SONSIKको अधिकारिक बैंक खाता सुरु आर्थिक कारोबारको ब्यवास्थिकरण सुरु गरेका छौ!

५. **सोनसिकलाइ wikipediaमा सूचीकरण:** यसै वर्ष हामीले नेपाली बिधार्थी समाज कोरिया सोनसिकलाई संसारकै लोकप्रिय श्रोतकेन्द्र wikipediaमा सुचिकृत गरेका छौ!

## 2. SONSIK छात्रवृतिको सुरुवात तथा वितरण:

नेपाली बिधार्थी समाज दक्षिण कोरिया (SONSIK)ले ११औ साधारणसभामा प्रतिबद्धता जनाए बमोजिम "SONSIK छात्रवृति"को स्थापना तथा वितरण गरेको छ । फेब्रुअरी १५ तारिक मा तनहु जिल्लाको दुर्गम गाबिस क्यामिन-६ बर्लाचीमा अवस्थित सोमाजन प्रा वि मा अध्यनरत गरिब तथा जेहन्दार पृष्टभूमिका ८ जना छात्रा तथा ८ छात्र गरी कुल १६ जना बिधार्थीलाई सोनसिक सभापति, १० औ कार्यसमिति उप सभापति निरन्जन कोइराला तथा सदश्य सुमन पौडेल लगायत बिधालय व्यवस्थापन समिति, प्राचार्य, शिक्षक, अभिभावक, बिधार्थी तथा स्थानीय जनसमुदायको उपस्थितिमा पाठ्यपुस्तक तथा खेलकुद सामग्री हस्तान्तरण गरी अपौचारिक रुपमा SONSIK छात्रवृतिको सुरुआत गरिएको हो! नेपाली बिधार्थी समाज दक्षिण कोरिया (SONSIK)११औ कार्यसमितिले, पाठ्यपुस्तक तथा खेलकुद सामग्री वितरण बाट सुरुभएको छात्रवृतिलाई शैक्षिक सत्रको सुरुवात संगै कोरियामा रहेको नेपाली समुदायबाट आर्थिक जोहो गरि सम्बन्धित बिधालयको सिफारिशमा सोनसिक कार्यसमिति बाट छनोट

भएका विधार्थीलाई बार्षिक रुपमा आवस्यक पोशाक, पाठ्यपुस्तक, तथा झोला वितरण गरिएको थियो!

3. **नेपालमा गएको महाभूकम्प र SONSIKको सहयोग को प्रयास:**

१. **राहत तथा सहयोग संकलन अभियानको नेत्रित्व:**

हाम्रो देश नेपालमा गएको महाभूकम्प२०७२ संगै दक्षिण कोरियामा राहत तथा सहयोग संकलन अभियानमा नेपाली बिधार्थी समाज कोरिया (SONSIK) ले नेतृत्वदायी भूमिका निर्वहा गर्दै कोरियामा रहेका सस्था मध्ये सबै भन्दा पहिले भूकम्पको केन्द्रबिन्दु गोरखा जिल्लामा राहत वितरण गरेको थियो!राहात संकलन अभियानका क्रममा संकलित झन्डै ४ करोड २५ लाख वोन लाई प्रथम चरण (आकस्मिक राहत ) र दित्तीय( दिर्गकलिन) भागमा बिभाजन गरिएको थियो ! प्रथम चरण नेपाली रुपैयाँ सात लाख देहया बमोजिमका संघ सस्था मार्फत भूकम्प प्रभावित क्षेत्रमा खर्च गरिएको थियो भने सो बाहेक बाँकि हुन आएको रकम भूकम्प प्रभावित बिधालय पुनर्निर्माणमा खर्च गरिने गरि कार्ययोजना बनाएको छ !

प्रथम चरणको राहत बितरण गर्ने संघ संस्थाहरु :

- पत्रकार महासंघ कास्की मार्फत गोरखा जिल्लामा
- Kehi Garaun Nepal मार्फत राहत तथा सहयोग वितरण
- Our Attempt Toward Health मार्फत राहत तथा सहयोग वितरण
- BPKIHS मार्फत राहत तथा सहयोग वितरण
- IRIS Nepal मार्फत राहत तथा सहयोग वितरण
- Bibeksheel Nepali मार्फत राहत तथा सहयोग वितरण
- USID Nepal मार्फत राहत तथा सहयोग वितरण

२. **दिपप्रजोलन तथा श्रदान्जली सभाको आयोजना:** नेपाली बिधार्थी समाज कोरिया (SONSIK)ले नेपालको महाभूकम्प २०७२ र त्यस पश्चातका पराकम्पनबाट ज्यान गुमाउनु हुने नेपाली दाजुभाई दिदि बहिनिहरुको सम्झना तथा आत्माको चिर शान्तिका निमित्त दक्षिण कोरियाका बिभिन्न स्थानमा दिपप्रजोलन तथा श्रदान्जली सभाको

आयोजना गरेको थियो!

4. **नेपालमा SONSIK तर्फ बाट पहिलो अपोचारिक कार्यक्रमको आयोजना गरि SONSIK बिधालय पुनर्निर्माण सहयोग परियोजनाको सुरुवात:**

   दक्षिण कोरियामा रहेका नेपाली बिधार्थीहरुको साझा संस्था नेपाली बिधार्थी समाज कोरिया (SONSIK)ले अगष्ट ८ तारिकका दिन राजधानी काठमान्डौमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिब शान्त राज सुबेदीको प्रमुख अथिथ्यता तथा कोरियाका बिभिन्न बिश्वोबिधालयमा अध्यनरत बिधार्थी तथा दीक्षित महानुभावहरुको उपस्थितिमा सोनसिकको इतिहासमा नै हाम्रो देश नेपालमा पहिलो अपोचारिक कार्यक्रम SONSIK बिधालय पुनर्निर्माण समितिको निर्णय बमोजिम नेपालको महाभूकम्पबाट अति प्रभावित ५जिल्ला मा एकएक बिधालय निर्माण गर्ने गरि" सोनसिक बिधालय पुनर्निर्माण अभियान सुरुगरेको छ! उक्त बिधालय पुनर्निर्माण अभियान अन्तर्गत SONSIKले गोर्खा, सिन्धुपाल्चोक, नुवाकोट, दोलखा र काभ्रे जिल्लाका एक-एक बिधालयलाइ पुनर्निर्माण कालागि प्रति बिधालय ५ लाख नगद सहयोग गरेको हो!

   यसरी यस अभियान मार्फत सहयोग प्राप्तगर्ने बिधालयहरुमा गोरखा जिल्लाको बराह प्राबी, सिन्धुपाल्चोक जिल्लाको ज्ञानज्योति प्राबी, दोलखा जिल्लाको मानेडांडा उच्च माबी, नुवाकोट जिल्लाको कालिका माबि रहेकाछन् भने काभ्रे जिल्ला बाट छनोट अन्तिम अवस्थामा रहेको तथा छनोट भएका सम्बन्धित बिधालयहरुमा रहेका भूकम्प पिडित बिधार्थीहरुलाई लक्षित गरि छात्रवृति संचालन गरिने सोनसिक सोनसिकको योजना रहेको छ !

5. **"नेपाल विकासमा प्रवासी नेपालीको साझेदारिता" विषयक अन्तक्रिया तथा कार्यशाला गोष्ठीको आयोजना**

   'अब कोरा गफ हैन देश विकासको महान अभियानमा सहभागी बनौ, आलोचक मात्र हैन नयाँ नेपाल निर्माणको साझेदार बनौ' भन्ने नाराको साथ दक्षिण कोरियामा रहेका नेपाली समुदायमा महाभूकम्प पछिको नयाँ नेपाल निर्माणका निमित्त "नेपाल विकासमा प्रवासी नेपालीको साझेदारिता" बिषयक अन्तरक्रिया कार्यक्रम जुलाई १२ तारिखको दिन नेशनल एसेम्बली हल सोलमा आयोजना गरियो। विधार्थी तथा श्रमिक प्रतिनिधिबाट अतिरिक्त प्रस्तुत हुनका साथैं कोरियामा रहेका नेपाली समुदायबीच बृहत अन्तक्रिया सहित सम्पन्न सो कार्यक्रममा

विभिन्न प्राज्ञ तथा प्रोफेसरहरु प्रो डा ठाकुर सुवेदी, प्रो डा. मधुसुदन आत्रेय, डा . देबी बहादुर बस्नेत, डा. हृदयश प्रताप मल्ल, डा. शिशिर मानन्धर लगायतका ले  आआफ्ना कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो भने उक्त  कार्यक्रममा नेपाली दुतावासका उपनियोग प्रमुख राजाराम बर्तौला समन्यव तथा सहजकर्ता भूमिका निभाउनु भएको थियो ! उक्त कार्यक्रम नेपाली दुतावासको सह आयोजना र एन आई ई डि ,एन आर एन कोरिया ,सर्पोट नेपाल फाउन्डेसन,कोरिया एसिया फ्रन्डसिप फाउन्डेसन संगको सहकार्यमा आयोजना गरिएको थियो!

### 6. फोटो तथा संस्कृति प्रदर्शनी आयोजना

नेपाली बिधार्थी समाज कोरिया सोनसिकले सोल महानगरपालिका संगको सहकार्यमा नेपालका भूकम्प पिडित बिधार्थी एवं बालबालिकाको सहयोग गर्न यहि मे १७, आइतबारका दिन सोलमा फोटो तथा संस्कृति प्रदर्शनी आयोजना गरेको थियो| प्रदर्शनीमा नेपालको भूकम्पका क्रममा खिचिएका बिभिन्न फोटोहरु,नेपाली खान स्टल, नेपाली मौलिक सामग्रीको प्रदर्शनी तथा भूकम्पक क्रममा दिवंगतहरुको सम्झनामा सेतो रिबन टास्ने तथा दिप प्रज्ज्वलन कार्यक्रम रहको थियो | महामहिम नेपाली राजदुतज्यु, सोल महानगरपालिकाका उपमेयर,सभासद  लगायत अन्य बिशिस्ट पदाधिकारीको सहभागिता रहेको सो कार्यक्रम सोनसिकको इतिहासमा नै कोरियन सरकारको तर्फ बाट उच्चतम प्रतिनिधिको सहभागिता रहेको पहिलो कार्यक्रम रहेको जानकारी गराउदा हामी ११ औ कार्यसमिति खुसि ब्यक्त गर्दछौ!

### 7. SONSIK शैक्षिक सामग्री सहयोग

अभियान: शिक्षाको उज्यालो घामबाट कोहि पनि बालबालिका टाढा हुन नपरोस भन्ने भावनाक साथ नेपाली बिधार्थी समाज कोरिया (SONSIK)ले समय समय बिभिन्न संकट ग्रस्त बिधालयलाइ शैक्षिक सामग्री सहयोग अभियानको सुरुहात  गरेको छ:, सो अभियान अन्तरगत शैक्षिक सामग्री सहयोगप्राप्त गर्ने बिधालय निम्न बमोजिम रहेका छन् :

१. शैक्षिक सामग्री सहयोग- सोमाजन निमाबी, तनहु

२. शैक्षिक सामग्री सहयोग- कास्की

३. शैक्षिक सामग्री सहयोग- ज्ञानज्योति प्राबी, सिन्धुपाल्चोक

४. शैक्षिक सामग्री सहयोग- कालिका उच्च माबी, नुवाकोट

## 8. Online नेपाली निबन्ध प्रतियोगिताको आयोजना:

SONSIKका गतिबिधिहरुमा धेरै भन्दा धेरै बिधार्थीहरुको सहभागिता हुन सक्ने, आर्थिक तथा समयका हिसाबले किफायती कार्यक्रमहरुको तर्जुमाका लागि विभिन्न समय समयमा यहाँहरुले दिनु भएका सुझाबहरु लाई मध्यनजर गर्दै अंग्रेजी नयाँ वर्ष २०१५को उपलक्ष्यमा "नयाँ बर्षको सुरुवात संगैको नयाँ पाइला, ONLINE निबन्ध प्रतियोगिता सबैको पहुच, सबैको सहभगिता" भन्ने आव्हानको साथ SONSIK सदश्यहरु बिच ONLINE मार्फत "नेपालको पर्यटकीय र प्राबिधिक बिकास मा कोरियामा रहेका नेपाली बिद्यार्थीको भूमिका" बिषयक निबन्ध प्रतियोगिता आयोजना गरिएको थियो!

## 9. कोरियामा रहेका नेपाली बिधार्थी तथा युवाहरुका समस्याहरुको समस्याको समधान र सहजीकरणको लागि सम्मानिनिय युवा तथा खेलकुद मन्त्रीमा धयानाक्रषण पत्र हस्तान्तरण:

एसियाली खेलकुदमा नेपाली टोलिको नेतृत्व गर्दै कोरिया आइपुग्नु भएका सम्मानानीय युवा तथा खेलकुद मन्त्री श्री पुरुषोत्तम पौडेलज्युलाई दक्षिण कोरियाका लागी नेपाली राजदुत कमान सिंह लामाको सम-उपस्थितिमा (SONSIK)ले कोरियामा रहेका नेपाली विधार्थी तथा युवाहरुका बिबिध समस्या समाधानको लागि आवश्यक पहल गरियोस भन्दै ज्ञापनपत्र हस्तान्तरण गरि ध्यानकर्षण गराएको थियो! सोनसिक ले "नेपाल तथा कोरिया बीचको शैक्षिक आदानप्रदान गर्दै कोरियाको प्राबिधिक शिक्षा एवं आधुनिक प्रबिधि नेपालमा भित्र्याउन, विदेशी विश्वविद्यालयहरूबाट अध्ययन पुरा गरी नेपाल फर्किएपछि नेपालमा पाठ्यक्रम विकास केन्द्रबाट सम्बन्धन लिइनुपर्ने अति नै झन्झटिलो प्रक्रियाको सहजीकरण, कोरियामा अध्ययन पूरा गरिसकेका बिधार्थीहरुलाई उनीहरुले प्राप्त गरेका सीप तथा ज्ञान विदेशमा विलिन हुन नदिई नेपालको सामजिक तथा शैक्षिक विकासमा योगदान पुर्याउनको लागि उत्प्रेरित गर्ने, नेपालमा खुलेका शैक्षिक परामर्शदाताहरुले अन्वास्यक प्रलोभन देखाई कोरियामा पूर्ण वा आंशिक रुपमा शुल्कतिर्ने लगाई बिधार्थीहरुले सोचेजस्तोअलपत्र परेको अवगत गराउदै, निज बिधार्थीहरु आफ्नो शैक्षिक शुल्क तिर्न नसकी गैरकानुन हुने गरेको हुनाले त्यस्ता परामर्शदाताहरु माथि छानबिन गरि कारबाही अगाडी बढाउनुहुन युवा तथा खेलकुद मन्त्री मार्फत नेपाल सरकार तथा उसका सम्बन्धित निकायहरु समक्ष  ध्यानाकर्षण गराएको छ!

10. **नेपालको प्रस्तावित सबिधान २०७२ को मस्यौदा उपर कोरियामा रहेका नेपाली बिधार्थीहरुको तर्फबाट नेपाली  राजदुतवास सौल मार्फत सुझाब व्यक्त:**

२०१५ जुलाई १९ तारिक आइतबार सौल स्थित नेपाली राजदुतवासमा आयोजित एक कार्यक्रममा सोनसिकले लिखित तथा मौखिक रुपमा नेपाली बिधार्थी समाज कोरिया sonsikका तर्फ बाट नेपालको नया संबिधान २०७२ को प्रारम्भिक मस्योदा उपर सोनसिकका तर्फ बाट संकलित सुझाबहरु महामहिम कार्यबाहक राजदूत श्री राजाराम बर्तौलाज्यू समक्ष हस्तान्तरण गर्नुभएको थियो! नेपाली विधार्थी समाज कोरिया, कोरियामा नेपालको नया संबिधान २०७२ को प्रारम्भिक मस्योदामा निम्न अनुसार आवस्यक संसोधनकालागि अनुरोध गरेको छ : -

१. सम्पूर्ण तहको शिक्षा र स्वास्थ्य नागरिकको मौलिक अधिकारको रुपमा सुचाक्रित गरि प्रत्यक नागरिकलाइ निशुल्क रुपमा उपलब्ध गराउनु सरकारको काम तथा कर्तव्यक रुपमा उल्लेख गरियोस!

२. प्रवासमा रहेका नेपाली बिज्ञ, जनशक्ति तथा बौदिक वर्गलाई स्वदेश फर्की देश सेवा गर्ने बातावरणको सिर्जना गर्नु सरकारको काम तथा कर्तव्यक रुपमा उल्लेख गरियोस!

३. नेपाल सरकार बाट पारिश्रमिक प्राप्तकुनै पनि पदका तथा प्रान्तीय तथा केन्द्रीय व्यवस्थापिका सदश्यको लागि न्युनतम शैक्षिक योग्यताको निर्धारण होस्! व्यवस्थापिका सदश्यको लागि न्युनतम स्नातक तथा मन्त्रिपरिषद्को सदस्यको निमित्त न्युनतम स्नातकोत्तर उत्रिन्न हुन पर्ने गरि संसोधन गरियोस!

४. बिभिन्न कारणबस प्रवाशमा रहेका नेपालीहरुलाई आफ्नो प्रतिनिधि आफै चुन्न पाउने अधिकार बाट बन्चित नगरियोस र सोको लागि प्रवासी नेपालीको लागि मतदानको नैसर्गिक अधिकारक रुपमा सुचिकृत गरियोस!

५. गाउँपालिका र नगरपालिकाको तथा स्थानीय निकायको सम्पूर्ण सदस्यको निर्वाचन निश्चित समय सिमा निर्धारण गरि प्रतक्ष्य दङ्ग बाट हुन पर्ने गरि संसोधन गरियोस!

६. प्रान्तीय तथा केन्द्रीय व्यवस्थापिका सदश्यको कुलसंख्या अस्वाभाविक ढंगले ठुलो भएको हुदा सोको संख्या कटौती गरियोस!

11. **कोरियामा रहेका बिधार्थीहरुका गतिबिधिहरुका समस्या बारे नेपालको राष्ट्रिय मिडिया मार्फत ध्यानकर्षण:**

नेपाली बिधार्थी सामाज कोरिया सोनसिकले वर्ष २०१४/२०१५ मा नेपालका रास्ट्रिय मिडिया अन्नपुर्ण पोस्ट र सेतोपाटि अनलाइन संग सहाकार्य गरि कोरियामा उच्च शिक्षा अध्ययनमा रहेका भ्रम र यथ्रताहरुलाई उजागर गर्न पहलकदमी लिएको थियो!

12. **महामहिम राजदुत श्री कमानसिंह लामाज्युसंग " दशैं टिका तथा सुभ कामना अदान" प्रदान कार्यक्रमको आयोजना:**

हामी जता गएपनि हाम्रो संस्कार र संस्कृति हामी संगै रहन्छ र सोको प्रतिनिधित्व गर्नु हाम्रो दहित्तो हो भन्ने भावना लाई अंगिकार गर्दै नेपाली बिधार्थी सामाज कोरिया सोनसिकले वर्ष २०१४ देखि कोरियामा रहेका नेपाली समुदायका अभिभावक महामहिम राजदुतबाट दशैं टिका तथा सुभ कामना ग्रहण कार्यक्रमको सुरुहात गरेको छ! यसबाट हामीले भात्रितो र बन्धुतो विकास हुने विश्वास लिएका छौ!

13. **SONSIKका बार्षिक कार्यक्रमहरुमा सहभागिता शुल्क निशुल्क तथा आर्थिक श्रोत व्यवस्थापनका लागि "म नेपाली हामी नेपाली: टिसर्ट बेच बिखन अभियान" को सुरुवात:**

नेपाली बिधार्थी समाज दक्षिण कोरिया (SONSIK)ले विभिन्न कार्यक्रममा लगाउदै आएको सहभागिताशुल्क हामीले हाम्रा सदश्यज्यु हरुको सहजतालाइ मध्यनजर गर्दी पूर्णरुपमा हटाइ आर्थिक श्रोत जुटाउनका लागि " म नेपाली हामी नेपाली : टिसर्ट बेच बिखन अभियान" संचालन गरिएको थियो!

14. **सहकार्य:**

नेपाली बिधार्थी समाज कोरिया (SONSIK)लाई प्रभावकारी तथा सबल बनाउने उदेश्यले हामीले पहिलो पटक कोरियामा रहेका स्थापित संगसंस्था संघको सहकार्यमा संयुक्त कार्यक्रम

आयोजना गर्ने अभ्यासको थालनी गरेका छौ, सोहि अभ्यास बमोजिम निम्न अनुसार कार्यक्रमहरुको आयोजना गरिएको थियो!

१. NRNA तथा वोमन फर वोमन संगको सहकार्यमा योगा प्रशिक्षण कार्यक्रम संचालन

२. NRNA तथा वोमन फर वोमन संगको सहकार्यमा डा. विकासानन्द संग अन्तरक्रिया कार्यक्रम संचालन

३. नेपाली राजदुतवास सौलद्दरा आयोजित" प्रथम राजदुतकप फुटबल" प्रतियोगितामा स्वयम्सेवक रुपमा सोनसिकको सहभागिता

15. **सहयोग:**

समय समयमा हाम्रो देश नेपाल हुने दैबी प्रकोप र कोरियामा आव्हानबिभिन्न संग सस्थाको आव्हानमा सहयात्रीहुने हाम्रो अभ्यासलाई हामीले सोनसिक सोनसिक सदश्य लाई आर्थिक भार नपर्ने किसिम निरन्तरता दिएका थियौ!

१. WATER BUCKET CHLLANGE कार्यक्रम संचालन गरि सुनकोशी बाढी तथा पहिरो पिडितका लागि सहयोग संकलन गरि Help Nepal Networkमार्फत सहयोग हस्तान्तरण

२. पोखरा बृद्ध आश्रममा फलफूल वितरण तथा नगद सहयोग

३. कोरियामा नेपाल र नेपाली चिनाउने नेपाल हाउस निर्माणका लागि सोनसिक कार्यसमिति सदश्यहरुबाट व्यक्तिगत रुपमा संकलित ५०५५५० वोन हस्तान्तरण

16. **SONSIK SPORTMET आयोजना:**

ब्यस्त तालिकामा रहनुभएका रहनु भएका सोनसिक सदश्य तथा अग्रजहरु लाई खेल मनोरंजन मार्फत नयाँ जोश र जाँगरको सिर्जनाका निमित्त ११ औ कार्यसमितिले आवासीय रुपमा सोनसिक फेस्टिवलको आयोजना गरि गर्ने यस अघिको कार्ययोजना नेपालको महाभूकम्पका कारण परिमार्जित भै सम्पूर्ण सबैको सुबिधालाइ हितमा राखी १२ औ अधिबेशनको अघिल्लो दिन आयोजना गरिएको थियो!

17. **SONSIK Education Poster Presentation को आयोजना:**

कोरियामा रहनुभएका नेपाली बिधार्थी, प्राज्ञहरु बीच एक अर्को ले गरेका अध्यन अनुशन्धान सम्बन्धि जानकारी विस्तार भै अपासी समन्वय बिकाश गर्ने उदेश्यले ११औ कार्यसमिति बाट यस कार्यक्रम पहिलो पटक आयोजना गरिएको हो !

**18. SONSIK Cultural Night को आयोजना:**

सोनसिक सदश्य र समाजक विभिन्न प्रतिनिधि बीच सम्बन्ध विस्तार, अतिरिक्त क्रियाकलापमा सहभागितामा प्रोत्साहन तथा प्रतिभा प्रष्फुटनको उदेश्यका तथा १२ औ अधिबेशनमा रौनकता थप्ने उदेश्यका साथ सोनसिकले कोरियाको प्रसिद्ध ब्याण्ड सुनखरी संगको सहकार्यमा प्रथम सोनसिक cultural nightको आयोजना गरेको थियो!

**19. सहभागिता:**

१. नेपाली राजदुतवास सौलद्दरा आयोजित" प्रथम राजदुतकप फुटबल" प्रतियोगितामा सहभागिता

२. Korea-Asia Friendship Foundation (KAFF)बाट आयोजित Winter सेमिनारमा नेपालको तर्फ बाट सहभागिता

३. Asia pacific global Cultural Village Programमा नेपालको तर्फनेपाली राजदुतवास सौलको प्रतिनिधित्व गर्दै सहभागिता

४. ग्योंगी अन्तर्राष्ट्रिय बिधार्थी फेस्टिवलमा सहभागिता

**20. प्रकाशन:**

१. SONSIK e-Newsletter Volume-5 ,Issue-1 प्रकाशन

२. SONSIK guide for Immigration and Relatives invitation प्रकाशन

३. SONSIK e-Newsletter Volume-5 ,Issue-2 प्रकाशन

४. SONSIK Newsletter special issue Volume-5 ,Issue-3 प्रकाशन

५. SONSIK Newsletter Volume-5 ,Issue-4 प्रकाशन

६. SONSIK Manual -1 ,Issue-1 प्रकाशन

७. SONSIK Souvenir-3 प्रकाशन

**21. संस्कृतिक कार्यक्रमको आयोजना:**

१. बिभिन्न क्षेत्रमा चुसक, दशैँ,होलि कार्यक्रम सम्पन्न

२. नेपाल कोरिया मैत्री दिवसको आयोजना-देगु

**22. संगठन्त्मक गतिबिधि:**

१. क्षेत्रीय तहमा कार्यक्रम  कार्यक्रमहरुको सहजीकरणको लागि उपादक्ष्य नेतृत्वमा समन्यव समिति गठन

२. सोनसिक सदस्यको नाम संकलन तथा अध्यबिधि तथा सोनसिक इतिहासमा नै सबै भन्दा बढी व्यक्तिगत लगत संकलन

३. सोनसिक वेबसाइटमा "'Current Scholarship Opportunities" सुरु गरि कोरियामा रहेका छात्रवृत्तिबारे जानकारी विस्तार

४. सोनसिकको गतिबिधिहरुबारे बार्य संचार यवं प्रचार प्रसारकालागि 'SONSIK Public Page" को सुरुवात

५. बिधार्थीहरुको सहजीकरणको लागि सोनसिक वेबसाइटमा "'Curriculum & Syllabus" संकलनको सुरुवात

**23. समन्यव**

१. सोनसिकका सभापतिहरु बीच निरन्तर सम्पर्क र समन्यवका लागि facebook क्लबको स्थापना  को सुरुवात

२. कोरियामा रहेका नेपाली श्रमिक प्रतिनिधि बिच बिभिन्न गतिबिधि संचालनका लागि गुन्सान सहरमा समन्यवत्मक बैठक

३. SONSIK तथा  Books For Nepal बिच बिभिन्न गतिबिधि संचालनका लागि सौलमा समन्यवत्मक बैठक

४. SONSIK  र  एसिया महादेश बाट कोरियामा रहेका बिभिन्न देशक प्रतिनिधि बिच बैठकमा सहभागिता

५. SONSIK  र Seoul City Parliament Members बिच समन्यवत्मक बैठक

६. SONSIK  र Seoul City International Taxi Association बिच समन्यवत्मक बैठक

७. SONSIK  र Korea-Asia Friendship Foundation (KAFF) बिच समन्यवत्मक बैठक

**24. दौत्य सम्बन्ध विस्तार:**

१. SONSIK  र KUAAN   बीच Journal प्रकाशनका निमित्त MOUमा हस्ताक्षर

२. SONSIK  र Seoul Metropolitan Government बीच नेपाल र कोरिया बीच सम्बन्ध विस्तारको कार्यक्रम आयोजनाका निमित्त सोनसिक इतिहासमा नै सभैभन्दा ठुलो सहयोग रकम ६०,००,००० वोन (साठी लाख वोन) सहयोगका लागि MOUमा हस्ताक्षर

३. SONSIK  र NIIED बीच बिभिन्न कार्यक्रम आयोजनाका निमित्त सहयोग रकम १०,००,००० वोन (दस लाख वोन)सहयोगका लागि MOUमा हस्ताक्षर

४. SONSIK, KAAN र KUAAN बीच आपसी सहकार्यका निमित्त MOUमा हस्ताक्षर

**25. अन्तरक्रिया कार्यक्रम:**

१. डा. राम प्र चोधरी (Executive Director Research Centre for Applied Science and Technology (RECAST), त्रिभुवन विश्वबिधालय

२. सोनसिक इतिहासमानै पहिलो पटक SONSIK अग्रज, राजदुतवास, सल्लाकार तथा बिज्ञको बिच

३. त्रिभुवन विश्वबिधालय तथा पोखरा विश्वबिधालयका प्राध्यापकज्यु

४. डा. महाबिर पुन, रोमन मेगासासे पुरस्कार बिजेता

५. नेपालमा TAN, HAN and Tourism boardबीच

**26. सेमिनार तथा कार्यशाला**

१. कोरियामा रहेका नेपाली बिधार्थी र अन्य समुदाय बीच “Interactive & Idea Sharing” कार्यक्रम-गुन्सान

२. कोरियामा रहेका नेपाली बिधार्थी र अन्य समुदाय बीच “Interactive & Idea Sharing” कार्यक्रम-किम्हे

३. मनोवैज्ञानिक कार्यशाला-जन्जु

**27. सम्मान तथा बिदाइ कार्यक्रमको आयोजना**

१. १७औ यसियाली खेलकुदमा नेपालको तर्फ बाट पदक बिजेता बिमला तामांगको सम्मान

२. उपनियोग प्रमुख श्री राजाराम बर्तौलाको बिदाई

३. NIIED and Seoul Metropolitan Government सम्मान

४. नेपालको महाभूकम्प २०७२ को राहत संकलनका क्रममा उलेखनीय योगदान पुराए बापत श्री सुजन श्रेष्ठ तथा कंग्वोंन बिश्वबिधालयलाई लगायतका महानुभावहरुको सम्मान

५.

**28. आधुनिक Computerized online e-voting प्रणालीको सुरुवात**

SONSIKलाइ थप परिमार्जित र परिस्कृत गर्ने उदेश्यलेSONSIK ११औ कार्यसमितिले SONSIK अधिबेशनमा रहेदै आएको परम्परागत निर्वाचन प्रणालीलाई बिस्थापित गरि आधुनिक Computerized online e-voting प्रणालीको सुरुवात गरेका छौ! हामीले यस प्रणालीको प्रयोग ले SONSIKको आधुनिकीकरण र संरचना गत सुधारमा मद्दत पुग्ने विश्वास लिएका छौ!

29. SONSIK इतिहासमा नै सबै भन्दा ठुलो र सहभागितामुलक अधिबेशनको आयोजना

नेपाली विधार्थी समाज कोरिया (SONSIK)को १२ औ अधिबेशनमा १७४ जना मतदाता र ४३ जना अग्रज तथा अतिथि गरि कुल २१७ जनाको सहभागिता रहेको थियो !सहभागिताक आधारमा (SONSIK)को १२ औ अधिबेशनमा सोनसिक इतिहासमा सबै भन्दा ठुलो अधिबेशन रहेका छ !

अन्त्यमा, दक्षिण कोरियामा रहेका हामी सम्पूर्ण नेपाली बिधार्थीहरुको गरिमामय संस्था, नेपाली विधार्थी समाज कोरिया (SONSIK)को२०१४ अगष्ट १६-१७ मा भएको ११औ बार्षिक अधिबेशनबाट, हामीलाई जिम्मेवारी बहन गर्ने अवसर प्रदान गरिदिनु भएकोमा समस्त सबैमा हार्दिक धन्यवाद दिन चाहन छौ | हामीले कार्यकारी पदबाट बिदा लिएपनि आगामी दिनमा बिभिन्न रचनात्मक एवं सिर्जनशील कार्यहरु मार्फत नबिन उर्जाको संचार गर्दै SONSIK लाई नयाँ उचाई प्रदान गर्न प्रतिबद्धता ब्यक्त गर्दछौ | धन्यवाद |

**बिमल सुबेदी**

**सभापति**

**नेपाली बिधार्थी समाज कोरिया (SONSIK) तथा सम्पूर्ण ११ औ कार्यसमिति**